# स्थानिय राजपत्र

खण्ड - ६　　　सख्या - ५　　　मिति — २०८०-१०-२८

भाग - २

माईजोगमाई गाउँपालिका ,

नयाँबजार ईलाम

माईजोगमाई गाउँपालिका

**<u>माईजोगमाई गाउँपालिकाको सवारी तथा यातायात व्यवस्थापन कार्यबिधि</u>**

**<u>२०८०</u>**

# माईजोगमाई गाउँपालिकाको सवारी तथा यातायात व्यवस्थापन कार्यबिधि २०८०

**प्रस्तावना**

माईजोगमाई गाउँपालिकाभित्र सञ्चालन हुने सवारी साधनहरुलाई व्यवस्थापन गरी सर्वसाधारणको लागि सुरक्षित, भरपर्दो, सर्वसुलभ, गुणस्तरीय, विश्वासनीय, वातावरणमैत्री, उपभोक्तामुखी, सेवामुखी र सर्वसाधारणको लागि सुविधाजनक पहुँच सुनिश्चित गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन कार्यबिधि २०७४ को दफा १०२(२) को अधिकार प्रयोग गरी माईजोगमाई गाउँपालिकाको गाउँसभाले यो कार्यबिधि बनाएको छ।

## परिच्छेद (१)

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यबिधि को नाम "माईजोगमाई गाउँपालिकाको सवारी तथा यातायात व्यवस्थापन कार्यबिधि, २०८०" रहेको छ ।

(२) यो कार्यबिधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

(क) "**व्यवस्थापन समिति**" भन्नाले कार्यबिधि को दफा ११ बमोजिम गठित व्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

(ख) "**कार्यबिधि**" भन्नाले माईजोगमाई गाउँपालिकाको सवारी तथा यातायात ब्यबस्थापन कार्यबिधि २०८० लाई सम्झनुपर्दछ

(ग) "**प्रमुख**" भन्नाले माईजोगमाई गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(घ) "**उपप्रमुख**" भन्नाले माईजोगमाई गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(ङ) "**कार्यपालिका**" भन्नाले माईजोगमाई गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(च) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले माईजोगमाई गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "**वडाअध्यक्ष**" भन्नाले माईजोगमाई गाउँपालिकाका सम्वन्धित वडाका वडाअध्यक्ष सम्झनुपर्दछ।

(ज) "**स्थानीय तह**" भन्नाले माईजोगमाई गाउँपालिकालाई सम्झनु पर्दछ ।

(झ) "**सवारी साधन**" भन्नाले माईजोगमाई गाउँपालिकाभित्र (निजी, सार्वजनिक तथा सरकारी) चल्ने बस, मिनिबस, माइक्रोबस, जीप, पिकअप, भ्यान,स्कुलबस, टेम्पो अटोरिक्सा, सामान बोक्ने ट्रक तथा मिनिट्रक लगायत सबै किसिमका सवारीलाई सम्झनु पर्दछ ।

(ञ) "**टिकट**" भन्नाले सार्वजनिक यातायात सेवा प्रयोग गर्ने सेवाग्राहीलाई प्रदान गरिने टिकट सम्झनु पर्दछ ।

(ठ) "**पार्किङ्ग** स्थल"भन्नाले सवारी राख्न निर्धारण गरिएको स्थल सम्झनु पर्दछ ।

(ण) "**प्रदुषण**" भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाको प्रदूषण सम्झनु पर्दछ

(त) "**विद्युतीय सवारी साधन**" भन्नाले विद्युतीय प्रसारण लाइन सोलार वा ब्याट्रिबाट संचालन हुने सवारी साधनलाई सम्झनु पर्दछ ।

(थ) "**वातावरणमैत्री सवारी साधन**" भन्नाले बैकल्पिक वा नवीकरणीय उर्जाबाट सञ्चालन हुने माईजोगमाई गाउँपालिकाले वातावरणमैत्री भनी तोकेको सवारी साधनलाई सम्झनु पर्दछ।

माईजोगमाई गाउँपालिका

(द) "**संघीय कानून**" भन्नाले संघीय संसदबाट जारी भएको यातायात व्यवस्थापन सम्वन्धि कानूनलाई सम्झनु पर्दछ ।

(ध) "**प्रदेश कानून**" भन्नाले प्रदेश सभा कोसी प्रदेश बाट जारी भएको यातायात व्यवस्था सम्बन्धी कानूनलाई सम्झनु पर्दछ ।

(न) "**संस्था वा कम्पनी**" भन्नाले प्रचलित कानून बमोजिम सार्वजनिक यातायात सेवा सञ्चालन गर्न गराउन स्थापित संस्था वा कम्पनीलाई सम्झनु पर्दछ ।

(प) "**सार्वजनिक यातायात**" भन्नाले सर्वसाधारणको लागि भाडा लिई यात्रा गराउन तथा सामान ढुवानी गराउन सञ्चालित (निजी, सार्वजनिक तथा सरकारी) बस, मिनिबस, माइक्रोबस, जीप, पिकअप, भ्यान, स्कुलबस, टेम्पो, अटोरिक्सा, सामान बोक्ने ट्रक तथा मिनिट्रक लगायत सार्वजनिक यातायातको लागि इजाजत प्राप्त गरी सञ्चालन गरिएका यातायातका साधन सम्झनु पर्दछ ।

(फ) "**सम्वन्धित क्षेत्र**" भन्नाले माईजोगमाई गाउँपालिकाक्षेत्र भित्र यातायात व्यवस्थापन सम्बन्धमा काम कारवाही गर्ने नेपाल सरकार तथा प्रदेश सरकार मातहतका कार्यालय अन्य स्थानीय सरकार गैर सरकारी संघ संस्थालाई समेत सम्झनुपर्दछ ।

माईजोगमाई गाउँपालिका

## परिच्छेद २

## टिकट सम्वन्धि व्यवस्था

**३. टिकटको प्रयोगः** (१) सार्वजनिक यातायातको सञ्चालनमा कागजी टिकटहरु प्रयोग गर्न सकिनेछ।

**४. टिकट अनिवार्य दिनुपर्नेः** (१) सार्वजनिक यातायातका साधन चढनु भन्दा पहिले वा चढे लगत्तै यात्रीहरुसँग तोकिएको भाडा लिई अनिवार्य रुपमा टिकट दिनुपर्ने दायित्व सम्वन्धित चालकको हुनेछ।

(२) यात्री टिकटको आकार प्रकार तथा टिकटमा उल्लेख गर्नुपर्ने कुराहरु तोकिए बमोजिम हुनेछ।

(३) यात्री टिकटमा धुम्रपान, मद्यपान, सुर्तीजन्य पदार्थ, अश्लील सामग्री तथा सार्वजनिक हित विपरीत हुने सामग्रीको विज्ञापन गर्न पाइने छैन ।

**५. टिकट अनिवार्य लिनुपर्नेः** गाउँपालिका क्षेत्रभित्र रुट कायम भई सञ्चालन हुने सार्वजनिक यातायातका साधन प्रयोग गर्ने यात्रीले आफू चढ्ने बस बिसौनीमा वा सवारी साधन चढे लगत्तै निर्धारित भाडा तिरी टिकट लिनुपर्नेछ ।

**६. सहुलियत मूल्यमा टिकट प्रदान गर्नुपर्नेः** (१) सेवा प्रदायकले वालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, जनआन्दोलनका घाइते, सहिद परिवारका सदस्य, विद्यार्थी तथा अन्य निर्धारित व्यक्तिलाई कानूनले निर्धारण गरेको सहुलियत दरमा टिकट उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सहुलियत दरमा टिकट प्राप्त गर्ने यात्रीले सम्वन्धित निकायबाट जारी भएको परिचय-पत्र देखाउनु पर्नेछ ।

## परिच्छेद–३

## सार्वजनिक यातायात सञ्चालन गर्ने संस्था वा कम्पनीको दायित्व

**७. संस्था वा कम्पनीको दायित्वः**(१) सार्वजनिक यातायात सञ्चालन गर्ने संस्था वा कम्पनीको दायित्व देहाय बमोजिम हुनेछः

(क) यात्रीहरुलाई निर्धारित बिसौनीबाट मात्र चढाउने र ओर्लने (पिक एण्ड ड्रप) व्यवस्था गर्ने।

(ख) यात्रुवर्ग वा सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन मिल्ने व्यवस्था मिलाउने।

(ग) चालकलाई निर्धारित पोशाकको व्यवस्था गर्ने।

(घ) यातायातका साधनहरुको नियमित चेकजाँच गरी मर्मत सम्भार तथा सरसफाई गर्ने गराउने।

(ङ) सवारी साधन कुन रुटमा चल्ने हो सो सजिलैसँग छुट्याउन सकिने किसिमले रुट-नम्बरका अतिरिक्त सवारी साधनमा फरक रङ्ग वा निश्चित चिन्हको प्रयोग गर्ने।

(च) अपाङ्गता भएका व्यक्ति, महिला, असक्त, जेष्ठ नागरिकहरुलाई निर्धारित आरक्षण सिटको व्यवस्था गर्ने, आरक्षण गरिएको सिट खाली भई अन्य कुनै व्यक्ति वसेको अवस्थामा आरक्षित व्यक्ति प्रवेश गरेमा निजलाई तुरुन्त सिटमा बस्ने व्यवस्था मिलाउने।

(छ) चालकले प्रचलित कानून बमोजिमको कार्य र आचरण गरे नगरेको सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

(ज) प्रत्येक सवारी साधनमा प्राथमिक उपचार सामग्री (फस्ट एड), अग्नि नियन्त्रण उपकरण, फोहर राख्ने भाँडो अनिवार्य रुपमा राख्ने।

(झ) सवारी साधनमा गाउँपालिकाको स्वीकृति बेगर विज्ञापन नगर्ने ।

(ञ) गाउँपालिकाबाट अनुमति वा नवीकरण प्राप्त नगरी गाउँपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा सञ्चालन नगर्ने।

(ट) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा सञ्चालन गर्दा गाउँपालिकाबाट निर्धारण भएको भाडादर बमोजिम भाडा लिने व्यवस्था मिलाउने।

(ठ) सम्वन्धित निकाय वा गाउँपालिकाले समय–समयमा तोकेको मापदण्ड पूरा नभएका सवारी साधन नचलाउने।

(ढ) सवारी साधनमा अनिवार्य रुपमा वमन थैली राख्ने।

(ण) गाउँपालिकाबाट अनुमति प्राप्त सक्षम एवं योग्य वर्कसपबाट सवारी साधनको जाँच गराई अद्यावधिक राख्ने।

(त) गाउँपालिकाबाट हुने नियमन कार्यमा सहयोग र समन्वय गर्ने।

(थ) गाउँपालिकाबाट समय समयमा तोकेका कार्यहरु गर्ने/गराउने।

माईजोगमाई गाउँपालिका

## परिच्छेद– ४

## सवारी चालक तथा यात्री सम्वन्धि व्यवस्था

**८. सवारी चालकः** (१) देहायको योग्यता पुगेको नेपाली नागरिक सार्वजनिक सवारी साधनको चालक हुन योग्य मानिनेछः

(क) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिमको सवारी चालक इजाजत प्राप्त गरेको

(ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहेको

(ग) कुनै प्रचलित कानूनले अयोग्य नरहेको

**९.चालक, तथा यात्रीलाई प्रशिक्षणः** (१) गाउँपालिकाले सार्वजनिक यातायातसँग सम्वन्धित चालक, तथा यात्रीहरुलाई सार्वजनिक यातायात सम्वन्धि आधारभूत ज्ञान, सीप, प्रचलित कानुनी व्यवस्था तथा यात्रीसँग गरिने शिष्ट व्यवहार आदि विषयमा प्रशिक्षण दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रशिक्षणमा सार्वजनिक यातायात सम्वन्धि सेवा प्रदायक संस्था वा कम्पनीले आफ्ना चालकहरुलाई अनिवार्य रुपमा सहभागी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रशिक्षणमा सहभागी भएका चालकहरुलाई गाउँपालिकाबाट अनूसूची–४ बमोजिमको ढाँचामा परिचय-पत्र प्रदान गरिनेछ ।

(४) सार्वजनिक सवारी साधन प्रयोग गर्ने यात्री तथा पैदल यात्रीलाई यात्री अनुशासन तथा आचरण सम्बन्धमा सचेतना मूलक प्रशिक्षण दिइनेछ।

**१०. चालकको कर्तव्यः** (१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने चालकले यात्री तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने चालकले देहायका कार्य गर्नु हुँदैन:

माईजोगमाई गाउँपालिका

(क) निर्धारित पार्किङ्ग स्थल बाहेकका स्थानमा सवारी साधन रोक्ने,
(ख) यात्रीसँग अशिष्ट भाषामा कुरा गर्ने,
(ग) निर्धारित पोशाक नलगाई सवारी साधन चलाउने,
(घ) बिसौनीमा निर्धारित समय भन्दा बढी समय सवारी साधन रोक्ने,
(ङ) जेब्रा क्रसिङ्गमा पैदल यात्रीलाई प्राथमिकता नदिने,
(च) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउने,
(छ) सवारी साधनमा अश्लील फोटो टाँस्ने, अश्लील गीत बजाउने,
(ज) निर्धारित समयमा निर्धारित रुटमा सवारी साधन चलाउन इन्कार गर्ने,
(झ) मदिराजन्य र सुर्तीजन्य पदार्थ सेवन गरी सवारी चलाउने,
(ञ) यौनजन्य दुरव्यवहार गर्ने,
(ट) कानूनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ५
## व्यवस्थापन समिति सम्वन्धि व्यवस्था

**११. सवारी तथा यातायात व्यवस्थापन समितिको गठनः**(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने निजी, सार्वजनिक तथा सरकारी यातायातका साधनहरुको सञ्चालनलाई सर्वशुलभ र दुर्घटना रहित ढंङ्गबाट सेवा सुचारु एवं सुब्यवस्थित र आवश्यक मार्गदर्शन गर्न गाउँपालिकामा देहाय अनुसारको सवारी तथा यातायात व्यवस्थापन समिति रहने छः

| | |
|---|---|
| सुशासन तथा क्षमता विकास समितिका संयोजक | अध्यक्ष |
| इलाका प्रहरी कार्यालयका नयाँबजार प्रतिनिधि | सदस्य |
| गाउँपालिकाको कानूनी सल्लाहकार | सदस्य |
| यातायात व्यवसायीहरुमध्येबाट १ जना प्रतिनिधि | सदस्य |
| प्रशासन शाखा | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको सदस्य कार्यपालिकाले तोके बमोजिमको समयसम्म वहाल रहनेछन्।

(३) दफा ११ बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछन् ।बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछन् ।

**१२. समितिको काम, कर्तव्य र अधिकारः**(१) दफा ११ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाभित्र सञ्चालन हुने सवारी साधनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने।

(ख) सवारी साधनको पार्किङ स्थल तोक्ने ।

(ग) दुरी अनुसार सवारी साधनको भाडादर निर्धारण गर्न कार्यपालिकामा सिफारिस गर्ने ।

(घ) सेवा क्षेत्र निर्धारण तथा क्लस्टर अनुसार सवारी साधनको संख्या तोक्ने ।

(ङ) गाउँपालिका क्षेत्रभित्रको लागि आवश्यकता अनुसारको तीन पाङ्ग्रे सवारी साधनको संख्या निर्धारण गर्नका लागि कार्यपालिकामा सिफारिस गर्ने ।

(च) यातायात व्यवसायीहरुको व्यवस्थापन एवम् यात्रुहरु बीच भएको विवादको समाधान गर्न आवश्यक सहजीकरण गर्ने ।

(छ) प्रक्रिया पूरा गरी आएका तीनपाङग्रे सवारी साधानलाई रुट परमिटका लागि गाउँपालिकामा सिफारिस गर्ने ।

(ज) तीनपाङ्ग्रे सवारी साधन खरीद गर्नु पूर्व समिति समक्ष खरिदकर्ताले आफ्नो नागरिकताको प्रतिलिपि सहित अनुमतिका लागि निवेदन दिनुपर्ने छ । समितिको पूर्व स्वीकृति विना खरिद गरिएको तीनपाङग्रे सवारीलाई रुटपरमिट दिइने छैन ।

(झ) यो कार्यबिधि लागू हुन भन्दा अगावै खरिद गरी सञ्चालनमा आएका तीनपाङग्रे सवारी साधनहरुको हकमा समेत यसै कार्यबिधि बमोजिम हुने छ ।

## परिच्छेद ६

## तीनपाङग्रे सवारी साधन सम्वन्धि व्यवस्था

**१३. तीनपाङ्ग्रे सवारी साधनको दर्ता, नवीकरण तथा खारेजीः** (१) प्रत्येक तीनपाङ्ग्रे सवारी साधन सवारी कार्यबिधि र नियम बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवं नवीकरण भई गाउँपालिकामा अनुसूचि(१) को ढाँचामा निवेदन दिई सूचीकरण भई रुट परमिट समेत लिई नियमानुसार नवीकरण गर्नुपर्नेछ। तीन पाङग्रे सवारी साधन सूचीकरण गर्दा देहाय बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

(क) अनुसूचि (१) बमोजिमको ढाँचामा निवेदन दिने,

(ख) राजश्व तिरेको रसिद,

(ग) प्रदूषण मापदण्ड भित्र परेको प्रमाणित गरिदिएको पत्र,

(घ) भन्सार प्रज्ञापन पत्र र भन्सार महसुल तिरेको रसिद प्रतिलिपि,

(ङ) सवारी धनीको नागरिकता प्रमाण पत्र र सवारी चालक इजाजत पत्रको प्रतिलिपि,

(च) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(छ) आयकर दर्ताको कागजात र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ज) सवारी साधनको इञ्जिन, च्यासिसको फोटो,

(झ) सवारी साधन कार्यालयमा ल्याई चेकजाँच गरेको प्रमाण,

(ञ) बीमाको कागजातको प्रतिलिपि,

(ट) सवारी कर, आयकर तिरेको प्रमाण,

(ठ) वित्तीय संस्थाबाट ऋण लगानी भई दर्ता हुनेहरुको हकमा वित्तीय संस्थाको दर्ता प्रमाण-पत्र, आयकर (PAN) कर चुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपि,

(ड) सवारी धनी स्वयं उपस्थित हुनुपर्नेछ,

(२) उपदफा (१) बमोजिम सूचीकरण भएका तिन पाङ्ग्रे सवारी साधनको गाउँपालिकाले अनुसूचि (३) बमोजिम अभिलेख खडा गरी सूचीकरण गर्नेछ ।

(३) गाउँपालिकामा सूचीकरण र नवीकरण भई सञ्चालनमा आएका तीन पाङ्ग्रे सवारी साधनले वार्षिक रुपमा नियमानुसार तोकिएको कर बुझाई सूचीकरण र नवीकरण गर्नु पर्नेछ। नवीकरण गर्दा निम्न कागजातहरु पेश गर्नुपर्नेछः

(क) गाउँपालिकाबाट तोकिएको ढाँचामा निवेदन पेश गर्ने,

(ख) प्रदूषण मापदण्ड भित्र परेको प्रमाणित गरिदिएको पत्र,

(ग) दर्ता गर्दा वा अघिल्लो आ.ब.मा नवीकरण गर्दा बुझाएको सवारी करको रसिदको प्रतिलिपि,

(घ) बीमाको कागजातको प्रतिलिपि,

(ङ) सवारी चालकको सवारी चालक अनुमति पत्रको प्रतिलिपि,

(च) सवारीधनी स्वयं उपस्थित हुनुपर्नेछ। स्वयं उपस्थित हुन नसक्ने भएमा सवारी धनीले मञ्जुरीनामा दिएको पत्र,

(४) गाउँपालिकाले यस दफा बमोजिम तीन पाङ्ग्रे सवारीलाई दर्ता, सूचीकरण गरी प्रमाण-पत्र दिन सक्नेछ।

(५) प्रत्येक सवारी साधनले यस दफा बमोजिम रुटपरमिट लिँदा देहाय बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

(क) गाउँपालिकामा सूचीकरण भएको प्रमाण-पत्र,

(ख) नवीकरण भएको ब्लुबुकको प्रतिलिपि,

(ग) जाँचपास प्रमाण-पत्र,

(घ)	बीमा (सवारी, चालक, यात्रु र तेस्रो पक्ष) भएको प्रतिलिपि,

(ङ)	माग भएको रुट खुलाउनु पर्ने,

(च)	चालकको लाइसेन्सको प्रतिलिपि र नागरिकताको प्रतिलिपि,

(छ)	यस कार्यबिधि बमोजिम दस्तुर बुझाएको नगदी रसिद,

(ज)	अर्को क्षेत्रबाट अनुमति लिई आएकोमा सो कार्यालयको सहमति पत्र,

(झ)	सवारी धनी स्वयं उपस्थित नभएमा मञ्जुरीनामा पेश गर्नुपर्ने,

(६)	तीन पाङग्रे सवारी सम्वन्धि अन्य व्यवस्थाः

(क)	रुट परमिटको अवधि ६ महिनाको हुनेछ। म्याद समाप्त भएको मितिले पन्ध्र दिनसम्म परमिट नवीकरण गराई सक्नु पर्नेछ। पन्ध्र दिनपछि थप तीस दिनसम्म अर्थात सुरु म्याद समाप्त भएको पैंतालिस दिनभित्र दोब्बर दस्तुर तिरी नवीकरण गराउन सकिनेछ। सो म्याद पनि समाप्त भई गएमा प्रतिदिन १० रुपैयाँका दरले दस्तुर लाग्नेछ।

(ख)	नवीकरण गर्न कुनै निकायबाट सवारी सञ्चालनमा रोक्का नभएको हुनुपर्नेछ।

(ग)	रुट परमिट नवीकरण गर्दा बीमा वा जाँचपास अवधिले नभ्याउने भएमा जुन अवधि पहिला सकिन्छ। सो उल्लेख गरी नवीकरण गरिदिने र पछि उक्त कागजात ल्याई आएमा बाँकी रहेको अवधि सोही दस्तुरको आधारमा नवीकरण गरिदिने ।

(घ)	तोकिएको क्षेत्रबाहेक अन्य क्षेत्रमा अनुमति नलिई सञ्चालन गर्न पाइने छैन ।

(ङ)	पहिलो पटक ३० दिनभित्र रुट परमिट लिँदा बिलम्ब जरिवाना लाग्ने छैन। सो समयमा पनि नवीकरण गर्न नआएमा यसै दफा बमोजिम जरिवाना लाग्नेछ।

**१४. जरिवाना सम्वन्धि व्यवस्थाः** (१) देहायको कसुर गरेमा यस कार्यबिधि बमोजिम जरिवाना सम्वन्धि व्यवस्था संघीय तथा प्रादेशिक यातायात कार्यबिधि कानून बमोजिम हुनेछः

(क) ट्राफिक सङ्केत वा इशारा उल्लङ्घन गरी चलाएमा ।

(ख) पार्किङ्ग निषेध गरिएको ठाउँ वा समयमा पार्किङ्ग गरेमा।

(ग) सवारी मोड्न वा ध्वनि सङ्गकेत निषेध गरिएको ठाउँमा मोडेमा वा ध्वनि सङ्केत दिएमा।

(घ) गलत साइड तर्फ सवारी चलाएमा।

(ङ) एकतर्फी सडकमा सो विपरीत चलाएमा।

(च) अवस्था ठीक नभएको सवारी चलाएमा।

(छ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा।

(ज) राती बत्ती नबाली सवारी चलाएमा।

(झ) मादक पदार्थ सेवन गरी सवारी चलाएमा।

(ञ) नम्बर प्लेट नराखी सवारी चलाएमा।

(ट) निर्धारित सिटभन्दा बढी यात्रु राखी सवारी चलाएमा।

(ठ) सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेमा।

(ड) निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएमा।

(ढ) लापरबाही साथ सवारी चलाएमा।

(ण) बाटो इजाजत-पत्र नलिई सवारी चलाएमा।

(त) चालक अनुमति-पत्र साथमा नराखी सवारी चलाएमा।

(थ) प्रचलित कानूनमा उल्लेख भएका अन्य व्यवस्था उल्लङ्घन भएमा ।

# परिच्छेद – ७

## <u>विविध</u>

**१५. यातायात प्रवर्द्धन कोषः** (१) गाउँपालिका क्षेत्रभित्रको यातायात सेवालाई प्रभावकारी बनाउन गाउँपालिकाले एक छुट्टै यातायात प्रवर्द्धन कोष खडा गर्नेछ । यस कोषमा देहाय बमोजिमका रकमहरु जम्मा हुनेछन ।

(क) गाउँपालिकाको गाउँसभाबाट विनियोजित रकम।

(ख) नेपाल सरकार, प्रदेश सरकारबाट यातायात क्षेत्र प्रवर्द्धनका लागि प्राप्त रकम।

(ग) कार्यबिधि बमोजिम जरिवाना बापत सङ्कलन हुने रकम।

(घ) स्वदेशी तथा विदेशी संघ संस्था, व्यक्तिबाट यातायात क्षेत्र प्रवर्द्धनका लागि प्राप्त सहयोग रकम।

(ङ) अन्य।

(२) दफा (१) बमोजिमको कोषको सञ्चालन गर्न देहाय बमोजिमको एक समिति गठन हुनेछः

(क) दफा १२ बमोजिमको समितिको संयोजक –संयोजक

(ख) प्रमुखले तोकेको गाउँ कार्यपालिकाको महिला सदस्य –सदस्य

(ग) लेखा प्रमुख –सदस्य

(घ) गाउँ प्रहरी –सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत –सदस्य सचिव

(३) उपदफा (१) बमोजिमको समितिले कोषको समुचित प्रयोग गरी यातायात व्यवस्थापन गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले गरेका काम कारवाहीको प्रतिवेदन प्रमुखमार्फत कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन दफा १५ को उपदफा(२) बमोजिम गठित समितिले तोकिए बमोजिम हुनेछ ।

**१६. यात्री वीमा सम्वन्धि व्यवस्थाः** सेवा प्रदायक संस्था वा कम्पनीले प्रत्येक यात्रीको प्रचलित कानूनले तोके बमोजिम वीमा गर्नुपर्नेछ ।

**१७. यातायात सञ्चालन सम्वन्धि विशेष व्यबस्थाः** गाउँपालिकाले नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, सम्बद्ध संघ संस्थाहरुसँग साझेदारी वा संयुक्त व्यवस्थापनमा यातायातको सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

**१८. कार्यपालिकाको अधिकारः** (१) प्रचलित कानून बमोजिमका अन्य अधिकारका अतिरिक्त कार्यपालिकालाई देहायको अधिकार हुनेछः

(क) यातायात व्यवस्थापन सम्वन्धि नीति तर्जुमा गर्ने, आवश्यक मापदण्ड तथा योजना बनाई कार्यान्वयन गर्ने गराउने।

(ख) गाउँ क्षेत्रभित्र सार्वजनिक सवारी चल्ने रुट निर्धारण गर्ने, मूल सडक, सहायक सडक र भित्री सडकमा चल्ने यातायातका साधनको वर्गीकरण गर्ने, एकतर्फी सडक निर्धारण गर्ने, सवारी साधन निषेधित क्षेत्र घोषणा गर्ने, पार्किङ्ग क्षेत्र निर्धारण गर्ने, रुटमा सवारी चलाउन अनुमति प्रदान गर्ने, नवीकरण गर्ने, भाडा दर निर्धारण गर्ने र सोको नियमन गर्ने, सेवाको गुणस्तर कायम गराउने तथा गुणस्तर कायम नगर्ने संस्था वा कम्पनीलाई प्रदान गरिएको रुट चलाउने अनुमति खारेज गर्ने ।

(ग) वातावरण मैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम ,अपाङ्गता र लैङ्गिक मैत्री यातायात प्रणालीको प्रर्वधन गर्न आवश्यक नीति तथा योजना स्वीकृत गरी कार्यान्वयन गराउने।

(घ) कोसी प्रदेशका अन्य स्थानीय सरकारहरुसँग सहकार्य गरी यातायात व्यवस्थापन सम्बन्धमा एकीकृत अवधारणा तर्जुमा गर्ने, कार्यान्वयन गर्ने गराउने।

(ङ) फुटपाथ, साइकल लेन, आकाशेपुल, सव–वे, जेब्रा– क्रस, बस, ट्याक्सी, साइकल पार्किङ्ग स्थलको मापदण्ड बनाउने, कार्यान्वयन गर्ने गराउने ।

(च) ट्राफिक व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने ।

(छ) वर्कसप दर्ता तथा नवीकरणको व्यवस्था मिलाउन लगाउने ।

(ज) सडक जोखिम न्युनीकरण तथा सुरक्षा व्यवस्था मिलाउने ।

(झ) सडक सुरक्षा प्रवर्द्धन तथा सुशासन कायम गराउने ।

(ट) विद्युतीय सवारी साधनको लागि आवश्यक पर्ने चार्जिङ्ग स्टेशन निर्माण तथा व्यवस्थापन गर्न सहयोग तथा समन्वय गर्ने ।

(ठ) दिगो यातायात प्रणालीलाई संस्थागत गर्ने विद्युतीय सवारी साधन खरिद गर्ने व्यक्ति, संस्था वा कम्पनीलाई सहुलियत दिने तथा सहुलियतको लागि समन्वय गर्ने ।

(ड) सवारी तथा यातायत व्यवस्थापन समितिको सिफारिसमा तीन पाङ्ग्रे सवारी साधनको संख्या निर्धारण गर्ने।

(२) अनुसूचि २ बमोजिमको ढाँचामा सवारी धनीलाई सूचिकरण तथा रुट परमिट इजाजत पत्र उपलब्ध गराउनु पर्ने छ ।

(३) कार्यपालिकाले यस दफा बमोजिम आफूलाई प्राप्त अधिकार प्रमुख वा उप-प्रमुख वा कार्यपालिका अन्तर्गतका समिति वा उप-समिति वा प्रमुख प्रशासकीय अधिकृत वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१९. अन्य प्रकारका सवारी साधनलाई समेत लागू हुनेछः** यस कार्यबिधिमा उल्लेख भएका व्यवस्थाहरुमध्ये देहायमा उल्लिखित कार्यहरु सार्वजनिक सवारी साधनका अतिरिक्त अन्य सवारी साधन समेतको हकमा लागू हुनेछः

(क) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन नपाउने ।

(ख) सवारी साधनबाट बाहिर फोहर फाल्न नपाइने ।

(ग) निर्धारित स्थान बाहेक अन्य स्थानमा पार्किङ्ग गर्न नपाइने ।

(घ) निर्धारित मापदण्डभन्दा बढी धुवाँ, धुलो उत्सर्जन गर्न नपाइने ।

(च) सवारी साधन सफा र तयारी हालतमा राखी चलाउनु पर्ने ।

(छ) निर्धारित अधिकतम गति भन्दा तीब्र गतिमा सवारी साधन नचलाउने ।

(ज) पैदल यात्रीलाई जेब्रा क्रसिङ्गबाट बाटो काट्न प्राथमिकता दिने ।

(झ) आकस्मिक सेवामा सञ्चालित यातायातका साधनहरु दमकल, एम्बुलेन्स तथा यस्तै प्रकृतिका सवारी साधनहरु, विशिष्ट व्यक्तिको सवारी, कुटनीतिक सवारी, अत्यावश्यक सेवामा परिचालित यातायातका साधनहरुलाई प्राथमिकता दिने ।

(ञ) सवारी साधनमा अनिवार्य रुपमा वमन थैली राख्ने ।

(ट) प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने अन्य कुरा ।

२०. **जनचेतना कार्यक्रम गर्न सक्नेः** गाउँपालिकाले सार्वजनिक यातायातसँग सम्वन्धित विविध विषयमा आम नागरिक, सार्वजनिक यातायातका साधन प्रयोगकर्ता तथा अन्य सबै सरोकारवालाहरुलाई समेटेर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

२१. **घरपालुवा पशुपंक्षी छाड्न नहुनेः** सार्वजनिक सडक तथा किनाराको क्षेत्रमा घरपालुवा पशुपंक्षी छाड्न हुँदैन तर काबुबाहिरको परिस्थिति परेमा त्यस्ता पशुपंक्षीलाई सवारीमा बाधा नपुग्ने गरी सार्वजनिक स्थानबाट तुरुन्त हटाउनु पर्छ ।

२२. **बाधा–अड्काउ फुकाउने अधिकारः** यस कार्यबिधिको कार्यान्वयन गर्दा तत्काल कुनै बाधा–अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा–अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ। त्यसरी कार्यपालिकाबाट भएको बाधा–अड्काउको व्यवस्था गाउँसभामा पेश गरी अनुमोदन गराउनुपर्नेछ।

२३. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यबिधिमा उल्लेख नभएका विषयमा प्रचलित संघीय तथा प्रदेश कानूनबमोजिम हुनेछ ।

२४. **नियम, निर्देशिका, कार्यविधि मापदण्ड बनाउने अधिकारः** कार्यपालिकाले यस कार्यबिधिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

माईजोगमाई गाँउपालिका

## अनुसूचि(१)
## दफा १३ संग सम्वन्धित

<u>तीनपाङग्रे सवारी साधन सूचीकरण गर्नका लागि दिने निवेदनको ढाँचा</u>

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
माईजोगमाई गाउँपालिकागाउँकार्यपालिकाको कार्यालय
नयाँबजार इलाम ।

विषयः-तीनपाङ्ग्रे सवारी साधन सूचिकृत गरिपाउँ ।

उपरोक्त सम्बन्धमा मेरो/हाम्रो नाममा रहेको निम्नानुसारको सवारी साधन गाउँपालिका क्षेत्रभित्र सञ्चालन गर्न देहायको विवरण सहित रु.....को राजश्व दाखिला भौचरको प्रतिलिपि संलग्न राखी पेश गरेको छु ।

<u>तपसिल</u>

(क) अनुसूचि(१) बमोजिमको ढाँचामा निवेदन दिने,
(ख) राजश्व तिरेको रसिद,
(ग) प्रदूषण मापदण्डभित्र परेको प्रमाणित गरिदिएको पत्र,
(घ) भन्सार प्रज्ञापन पत्र र भन्सार महसुल तिरेको रसिद प्रतिलिपि,
(ङ) सवारी धनीको नागरिकता प्रमाण पत्र र सवारी चालक इजाजत पत्रको प्रतिलिपि,
(च) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
(छ) आयकर दर्ताको कागजात र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
(ज) सवारी साधनको इञ्जिन, च्यासिसको फोटो,
(झ) सवारी साधन कार्यालयमा ल्याई चेकजाँच गरेको प्रमाण,
(ञ) बीमाको कागजातको प्रतिलिपि,
(ट) सवारी कर, आयकर तिरेको प्रमाण,
(ठ) वित्तीय संस्थाबाट ऋण लगानी भई दर्ता हुनेहरुको हकमा वित्तीय संस्थाको दर्ता प्रमाण पत्र, आयकर(PAN) करचुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपि,
(ड) सवारी धनी स्वयं उपस्थित हुनुपर्नेछ ।

<u>निवेदक</u>
नामथरः
सहीः

माईजोगमाई गाउँपालिका

# अनुसूचि-२
## (दफा १८ सँग सम्वन्धित)

सवारी दर्ता नं .

सवारी धनीको नामः

वतनः

| | |
|---|---|
| सवारी धनीको दस्तखत | दर्ता गर्ने अधिकारीको दस्तखत |

### सवारी साधनको विस्तृत विवरण

| |
|---|
| १. कम्पनीको नाम |
| २. सवारीको मोडेल |
| ३. बनेको साल |
| ४. सिलिण्डर संख्या |
| ५. हर्ष पावर / सि.सि. |
| ६. च्यासिस नम्बर |
| ७. इन्जिन नं. |
| ८. सवारीको रङ |
| ९. चालक सहित सिट क्षमता |
| १०. पेट्रोल/डिजेल |
| ११. रेडियो छ/छैन |
| १२. खरिद भई आएको मानिस वा कम्पनी |
| १३. प्रयोग |
| १४. चलाउने इलाका |
| १५-भन्सार निस्सा |

| इजाजत पत्र पाएको क्षेत्र (रुट) | बहाल अवधि | इजाजतपत्र दिने वा नवीकरण गर्ने अधिकारीको नाम | बहाल |
|---|---|---|---|
| | | | |

माई गाउँपालिका

# अनुसूचि-३

## दफा १३ को (२) संग सम्वन्धित

## तीन पाङ्ग्रे सवारी साधन सूचीकरण तथा रुट परमिट दर्ता किताब

| दर्ता नं | सूचीकरण तथा रुट परमिट मिति | सवारी धनीको नाम | सवारीको किसिम | यातायात कार्यालयमा दर्ता नं. | यातायात कार्यालयमा दर्ता मिति | चेसिस नं. | इजाजत प्राप्त रुट | रुटको वहाल अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

माईजोगमाई गाँउपालिका

फोटो

अनुसूचि ४

कार्यबिधिको दफा ९ को ( ३ ) सँग सम्वन्धित

माईजोगमाई गाउँपालिका

सार्वजनिक यातायत चालक परिचय-पत्र

चालकको नामः ................................

ठेगानाः ..............................

चालक परिचय.पत्र नं- ................................

लाइसेन्स नं ..............................

सम्पर्क नं. ..............

प्रमाणित गर्नेको दस्तखत

...............................

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले

कुमार बस्नेत

प्रमुख प्रशासकीय अधिकृत

माईजोगमाई गाउँपालिका